आज मिति २०७९ साल बैशाख ७ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७८/०७९ को सातौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | केशव |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | बडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | सुना |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनविर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

## सातौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा ।
२) कार्यविधि स्वीकृत सम्बन्धमा ।
३) लैगिक समनता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४) कृषि तथा पशुपन्छि भवन निर्माण सम्बन्धमा ।
५) गत आ.व.को दायित्व भुक्तानी सम्बन्धमा ।
६) गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागी जग्गा प्राप्ती सम्बन्धमा ।
७) विविध छलफल सम्बन्धमा ।

## २०७९ बैशाख ७ गते बसेको सातौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिबारलाई नगद हस्तान्तरण सम्बन्धमा । | कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण गर्न आवश्यक देखिएको । | कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना सवै वडाहरुबाट प्रकाशित गरी पेश भए बमोजिमका निवेदन माथि दावि विरोध सम्बन्धी सूचना प्रकाशित पछि छनौट भएका अति विपन्न तपशिल बमोजिमका सेवाग्राहीहरुलाई नगद हस्तान्तरण गर्ने तथा छनौट भएका लाभग्राहीहरु अशक्त वा समस्या भए नाता खुल्ने कागजातका आधारमा आफ्नो परिवारको नाममा हस्तान्तरण गर्ने ।<br>**तपशिल**<br>१) वडा नं. १ का लाभग्राही ९३<br>२) वडा नं. २ का लाभग्राही ६०<br>३) वडा नं. ३ का लाभग्राही १००<br>४) वडा नं. ४ का लाभग्राही ९३<br>५) वडा नं. ५ का लाभग्राही ९०<br>६) वडा नं. ६ का लाभग्राही ९०<br>७) वडा नं. ७ का लाभग्राही १०३<br>८) वडा नं. ८ का लाभग्राही १०० | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | कार्यविधि स्वीकृत सम्बन्धमा । | यस गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधिहरु स्वीकृत गर्न आवश्यक रहेको । | यस गाउँपालिकालाई आवश्यक पर्ने विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९ लाई स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | लैगिक समनता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा । | विभिन्न समयमा छलफल भई तयार भएको लैगिक समनता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन अनुमोदन गर्न आवश्यक रहेको । | गाउँपालिकाको आयोजना, प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बीनी प्रदेशको सहयोग र ग्रामीण विकास तथा चेतना समाज (RUDAS) नेपालको सहजिकरणमा मिति २०७८ माघ ५ र ६ गतेको छलफलबाट तयार भई पेश भएको **"लैगिक समनता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन"**लाई अनुमोदन गर्ने तथा **"लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रवाहीकरण रणनीति २०७८"** लाई पारित गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | कृषि तथा पशुपन्छि भवन निर्माण सम्बन्धमा । | कृषि तथा पशुपन्छि भवन निर्माण गर्न आवश्यक देखिएको । | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोरको कार्यालय, रुपन्देहीले २०७८।११।१२ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम यस गाउँपालिकाले पेश गरेको प्रस्ताव बमोजिम जिल्ला समन्वय समितिको नाममा रहेको १.५ कठ्ठा जग्गा उपलब्ध गराउने साथै उक्त भवन निर्माणका लागि साझेदारी स्वरुप १५ लाख रुपैया यस गाउँपालिकाबाट व्यहोर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ५ | गत आ.व.को दायित्व भुक्तानी सम्बन्धमा । | गत आ.व.मा सम्पन्न भएका योजनाहरुको दायित्व भुक्तानी गर्न आवश्यक रहेको । | गत आ.व.मा सञ्चालन भएका योजनाहरुको काम सम्पन्न भई भुक्तानी दिन बाँकी रहेका सरङधारा, बरनेटा, घोडाकोट जोड्ने मोटरबाटो मर्मत योजना तथा आरुखर्क कुकुरगारे मोटरबाटो निर्माण योजनाको रकम गत आ.व.को दायित्व भूक्तानी खर्च शिर्षकबाट भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागी जग्गा प्राप्ती सम्बन्धमा । | गाउँपालिका प्रशासकीय भवन निर्माणको जग्गा प्राप्तीका लागी प्रकृया अगाडि बढाउन आवश्यक रहेको । | यस गाउँपालिकाको वडा नं. ४ अवस्थीत सेवा केन्द्रमा रहेको जिल्ला समन्वय समितिको नाममा दर्ता श्रेष्ता रहेको जग्गामा प्रशासकीय भवन निर्माणका लागि उपयुक्त रहेको हुदाँ उक्त जग्गा प्राप्तीका लागी **"जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड, २०७८"** अनुसार प्रकृया अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br><br>**क)** रकम भुक्तानी सम्बन्धमा । | **क)** यस गाउँपालिका सुलिचौर अरेश जोड्ने विशेष चन्दन पहुँच मार्गको धनचौर खण्डमा माथिबाट पहिरो सहितको ठुलो चट्टान आई सडक अवरुद्ध भएको आवागमन ठप्प भई जनजिवनमा प्रतिकुलता सिर्जना भएकोले तत्काल उक्त चट्टान हटाउनु पर्ने भएको, उक्त कार्यका लागि ठेक्का प्रक्रियामा जादा लामो समय लाग्ने र आम नागरिकको जनजिवनमा संकट आउने भएको कारण सोझै खरिद गर्न सकिने सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली २०६४ को व्यवस्था बमोजिम अन्जली एण्ड लिस्ने कम्पनी प्रा.ली. (स्था.ले.नं. ६०४३८५१५९) लाई उक्त कार्यगर्न संझौता गरिएकोमा यसै पालिकाका ई. अर्जुन श्रेष्ठ र सब.ई. सुदर्शन पुनको सुपरीवेक्षणमा उक्त चट्टान फोर्ने र हटाउने कार्य सम्पन्न भई लगवुकमा उल्लेखित कार्य घण्टाका आधारमा भुक्तानिका लागि विजक नं. ४ मिति २०७९।०१।०४ को विजक मार्फत रु १५,२८,५५१।- ( अक्षरुपी पन्ध्र लाख अठ्ठाइस हाजर पाँच सय एकाउन्न रुपैया मात्र) पेश भएको देखिएकोले गाउँपालिका र ठेकेदार विच भएको खरिद संझौता र कार्य घण्टा उल्लेखित लगबुकमा आधारमा उक्त रकम मर्मत संभार कोष खर्च शिर्षकबाट भुक्तानी दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | **ख)** जनएकता प्राथमिक विद्यालय मर्मत सम्बन्धमा । | **ख)** जनएकता प्राथमिक विद्यालय वडा नं. १ बरनेटामा विद्यालयको ढोका झ्याल नहुदा पशु चौपाएहरु विद्यालय समय बाहिर कक्षा कोठामा भित्र प्रवेश गरी फोहोर गर्ने विद्यालय कक्षा कोठाको क्षति गर्ने जस्ता गतिविधि भएको भनि मिति २०७८।११।२९ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय प्रतिलिपी तथा विद्यालयको सिफारिस पत्र सहित प्राप्त भएको हुदा उक्त झ्याल ढोका निर्माणका लागि प्राविधिक स्टिमेटका आधारमा कार्य सम्पन्न गरी मर्मत खर्च शिर्षकबाट रकम भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | **ग)** धन्यवाद ज्ञापन सम्बन्धमा । | ग) स्थानीय तहको पहिलो निर्वाचनबाट पहिलो जनप्रतिनिधिको रुपमा काम गर्न पाउदा अत्यन्तै हर्षित र गौरभान्वित भएका छौ । यस ५ वर्षे कार्यकालमा सहयोग गर्नुहुने सम्पूर्ण संघीय सांसद, प्रदेश सांशद, जिल्ला समन्वय समितिका पदाधिकारी, राजनितीक दल, जिल्ला स्थीत कार्यालय प्रमुख तथा कर्मचारी, पत्रकार, नागरकि समाज, सुरक्षाकर्मी, गैर सरकारी संघ संस्था तथा आम नागरीकहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |